जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १९१ पृष्ठः ४ | २०८२ मंसिर ०३ बुधबार (Wednesday 19 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## मारुती सिमेन्टको ६४ करोड महसुल बक्यौता, ५ वर्षदेखि मुद्दा धकेलिँदै

सिरहामास्थित मारुती सिमेन्ट उद्योगको पनि डेडिकेटेड ट्रंकलाइनको ६४ करोड २४ लाख ९३ हजार ९ सय ९२ रुपैयाँ महसुल बक्यौता छ।



**विनय आजाद**

सिरहा, २ कार्तिक। नेपाल विद्युत प्राधिकरणले डेडिकेटेड ट्रंकलाइन प्रयोग गरेका र त्यसबापतको महसुल नतिरेका उद्योगहरुको विद्युत काटेको छ। विद्युत काटेपछि कतिपय उद्योगले बक्यौता महसुल तिर्न पनि सुरु गरेका छन्। सिरहास्थित मारुती सिमेन्ट उद्योगको पनि डेडिकेटेड ट्रंकलाइनको ६४ करोड २४ लाख ९३ हजार ९ सय ९२ रुपैयाँ महसुल बक्यौता छ। यो उद्योगले २०७३ साउनदेखि २०७५ चैतसम्म डेडिकेटेड ट्रंकलाइन प्रयोग गरेको थियो।

प्राधिकरणले बक्यौता रकम तिर्न पत्र काटेर ताकेता गरेपछि उद्योगले प्राधिकरणको निर्णय बदर गरी साबिक दरमै बिल जारीको मागसहित अदालत गएका कारण मारुतीको विद्युत लाइन काटिएन। उद्योगका तर्फबाट यसका सञ्चालक नन्दकिशोर राठीले २०७७ साउन ११ मा सिरहा जिल्ला अदालतमा मुद्दा हालेका हुन्। जसमा उनले विद्युत प्राधिकरण केन्द्रीय कार्यालय, प्राधिकरणको मिर्चैया वितरण केन्द्र र यहाँका प्रमुखलाई प्रतिवादी बनाएका छन्। तर, अदालतमा मुद्दा परेको पाँच वर्ष नाघ्दासम्म फैसला आउन सकेको छैन।

यो मुद्दा फैसला नहुनुमा उद्योग र अदालतको मात्रै होइन, विद्युत प्राधिकरणको पनि भूमिका 'अस्वभाविक' देखिएको छ। अदालतमा मुद्दा परेपछि २०७७ असोज १९ मा प्रतिवादीका तर्फबाट प्रतिउत्तर पेश भएको थियो भने २०७७ फागुन ३ मा प्राधिकारणका तत्कालीन प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्यका

–बाँकी तीन पेजमा

## सामूहिक शिक्षक सरुवाले बस्तीपुर मावि सुधारतर्फ



**जीवछ यादव**

लहान, २ मंसिर। लहान नगरपालिका वडा नम्बर १४ मार रहेको जिल्लाको पुरानो र नाम चलेका विद्यालयहरुमध्ये श्री बस्तीपुर माध्यमिक विद्यालय बस्तीपुरको शैक्षिक अवस्था नाजुक हुन थालेको

–बाँकी तीन पेजमा

## कर्मचारीमाथि हातपात आरोपमा पूर्वसांसदसहित दुई जना पक्राउ

जनकपुरधामं, २ मंसिर। मधेस प्रदेशका मुख्यमन्त्री कार्यालयका कर्मचारीमाथि हातपात गरेको आरोपमा प्रहरीले पूर्वसांसदसहित दुई जनालाई पक्राउ गरेको छ। गएराति लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का पूर्वसांसद परमेश्वर साह र जिल्ला अध्यक्ष जीवेन्द्र झालाई पक्राउ गरेको जिल्ला प्रहरी

–बाँकी तीन पेजमा

## चोकदेखि चिया पसलसम्म बढ्दै छ चुनावी सरगर्मी

सिरहा, २ मंसिर। आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा सदस्य निर्वाचनको सरगर्मी यतिबेला सिरहा जिल्लाको सदरमुकामदेखि गाउँगाउँसम्मका चोक र चिया पसलहरूमा बढेको छ। बिहानै चियाको तातोपनसँगै केन्द्रमा नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को महाधिवेशन तयारीका साथै सरकारले घोषणा गरेको निर्वाचनको विषयमा गहन छलफल सुरु हुन थालिसकेको छ।



युवाहरूमा पनि चुनावी सरगर्मी उत्तिकै बढेको छ। विशेषगरी, निर्वाचनको माहोल बनाउन यहाँका जेनजी युवाहरू सक्रियतापूर्वक लागिपरेका छन्। लहानमा नगरस्तरीय जेनजी समूह गठन गरी युवा परिचालनमा जुटेका उमेश यादवले निर्वाचनको अपरिहार्यतामा जोड दिनुभयो। "घोषित मितिमा चुनाव हुनुको विकल्पै छैन। चुनावले मात्रै युवाहरूको मागलाई सम्बोधन गर्न सक्छ। पुरानो नेतृत्वलाई विस्थापित गरी नयाँलाई स्थापित गर्न सक्छ", यादवले भन्नुभयो, "यही हिसाबले हामीले युवालाई संगठित गर्दै वडा, नगर हुँदै क्षेत्रीय समितिहरू गठन र विस्तार अभियानलाई तीव्रता दिएका छौँ।"

उहाँले जेनजी मधेस प्रदेशका संयोजक शिव यादव र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तासँग समन्वय गरेर चुनावी योजनाहरू अगाडि बढाइरहेको जानकारी दिनुभयो। युवा नेताहरूले लोकतन्त्रलाई सही मार्गमा ल्याउन र जेनजी आन्दोलनमा उठेका मागको सम्बोधनका लागि पनि निर्वाचनको विकल्प नभएको स्पष्ट धारणा सार्वजनिक गरिरहेका छन्। यद्यपि, सबै पक्ष चुनाव हुनेमा ढुक्क भने छैनन्। स्वतन्त्र युवा भोगेन्द्रकुमार यादवले भने केही दलहरूको तयारी र आन्तरिक विवादका कारण चुनाव हुने/नहुनेमा प्रश्न उठेको बताउनुभयो। "सुदन गुरुङलगायत जेनजीका अगुवा नेताहरूले यथास्थितिमा चुनाव हुन नदिने धारणा राखेका छन्।

अर्कोतिर, नेकपा एमालेसहितका दलहरूले चुनावमा जान आनाकानी गरिरहेको अवस्थामा कसरी चुनाव होला ? यथास्थितिमा चुनाव रोक्न चाहने र चुनावमा जान हिच्किचाउने

–बाँकी तीन पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## महिला हिंसा अन्त्य गरौं।

- महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
- महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
- कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
- हिंसामा परे तत्काल कानूनी सहायता लिऔं,
- कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
- घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
- महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
- हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
- महिला हिंसा विरुद्ध शून्य सहनशीलता अपनाऔं।

**महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## निजी क्षेत्रको मनोबल उठाउन राज्यको गम्भीरता आवश्यक

सिरहामा बारम्बार उग्र आन्दोलन, कमजोर बजार अवस्था र प्रशासनिक झन्झटले उद्योगी–व्यवसायी कठिन परिस्थिति भोगिरहेका छन्। जिल्लाको अर्थतन्त्र चलायमान राख्ने निजी क्षेत्र निरन्तर दबाब, अनिश्चितता र जोखिमको चक्रमा फसेपछि उनीहरूको आवाज सार्वजनिक रूपमा पुनः उठेको छ। जिल्ला उद्योग वाणिज्य संघ सिरहा, लहानले आयोजना गरेको स्वागत, सम्मान तथा अन्तरक्रिया कार्यक्रममा विभिन्न तहका व्यवसायीहरूले आफ्ना दुःख, गुनासा र चुनौतिहरू स्पष्ट रूपमा राखे।

कार्यक्रममा संघका अध्यक्ष विकास सारडाले उठाएको पीडा केवल निजी क्षेत्रको मात्र समस्या होइन, यो समग्र आर्थिक स्वास्थ्यसँग जोडिएको गम्भीर विषय हो। कोभिड–१९ महामारीले दिइएको गहिरो घाउ, पछिल्ला आर्थिक मन्दी, राजनीतिक अस्थिरताका प्रभाव, जातीय विभाजन गराउने प्रकारका आक्रोशपूर्ण गतिविधि ('जेनजी' प्रदर्शन) र वर्षाले पुर्‍याएको भौतिक क्षति यी सबैले निजी क्षेत्रलाई बारम्बार कमजोर बनाउँदै लगेका छन्। लगानी बैंकबाट ऋण लिएर गरिन्छ, जोखिम निजी क्षेत्रले बहन गर्छ, रोजगार सृजना पनि यही क्षेत्रले गर्छ; तर आक्रमण, बन्द, करको अनावश्यक झन्झट र अव्यवस्थित बजारले उनीहरूको अस्तित्व नै संकटमा पार्ने अवस्था सिर्जना हुँदैछ।

बैंकहरूको कडा कर्जा नीति, व्यवसाय प्रवाहमा आएको सुस्ती, बजार चलायमान नहुनु तथा सीमापारि नेपाली ग्राहकको आकर्षण बढ्नुजस्ता चुनौतीले सिरहाजस्तो सीमान्टी जिल्लाका व्यापारीहरू झनै दबाबमा पुगेका छन्। यी समस्या दीर्घकालीन संरचनागत कमजोरीका परिणाम मात्रै होइनन्, राज्यका नीतिगत अस्पष्टता र प्रशासनिक अनुत्तरदायित्वका दुष्परिणाम पनि हुन्।

यसै सन्दर्भमा स्थानीय तहका प्रतिनिधिहरू लहान नगरपालिका प्रमुखदेखि विभिन्न व्यापार संघका अध्यक्षहरूले राखेका गुनासाले अर्को महत्वपूर्ण पक्ष उजागर गर्छः समस्या सामूहिक हो र समाधान पनि सामूहिक प्रयासबाटै सम्भव छ। स्थानीय तहले सहज वातावरण निर्माण गर्न तयार रहेको बताउनु सकारात्मक संकेत हो, तर इच्छाशक्ति मात्र पर्याप्त हुँदैन; समन्वित कार्यान्वयन, प्रभावकारी संवाद र भरपर्दो सुरक्षाको व्यवस्था अपरिहार्य छ। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले प्रशासन सुरक्षित र स्थिर वातावरण निर्माणमा प्रतिबद्ध रहेको उल्लेख गर्नु आश्वासनको रूपमा लिन सकिन्छ। राजमार्ग क्षेत्रमा २४ घण्टा होटल व्यवसाय सञ्चालन गर्ने अनुमति, अन्य व्यवसाय राति ९ बजेसम्म चलाउन सकिने व्यवस्था तथा ब्लकको जग्गा फुकुवा प्रक्रियामा दिइने द्रुतगतिको आश्वासन यी कदमहरू व्यावहारिक हो र तत्काल प्रभाव पार्नसक्नेछन्। तर यिनै कदमले मात्र निजी क्षेत्रको मनोबल उठ्ने छैन; आवश्यक छ—व्यवसायमाथि हुने अनावश्यक धरपकड अन्त्य, करको दायरा र प्रक्रियाको सरलीकरण, सीमा क्षेत्रको सुरक्षा कडाइ तथा अवैध व्यापार नियन्त्रणमा कडाइ।

खुला सीमाबाट हुने अवैध सामान भित्र्याइले कानुनी व्यवसायीलाई असमान प्रतिस्पर्धामा धकेल्ने काम भएको बुझिन्छ। यस्तो प्रवृत्ति नियन्त्रण गर्न प्रशासन–सुरक्षा निकाय मात्र होइन, स्थानीय समुदाय र स्वयं व्यापारीको सहकार्य आवश्यक छ। मंगलबार देशको आर्थिक मेरुदण्ड निजी क्षेत्र हो भन्ने कुरा राज्यले व्यवहारमै देखाउनुपर्ने समय आएको छ। निजी क्षेत्र कमजोर भयो भने स्थानीय अर्थतन्त्र मात्र होइन, राष्ट्रिय विकासको गति नै सुस्त हुन्छ। सिरहाका व्यवसायीहरूको आवाज केवल गुनासो होइन यो आर्थिक चेतावनी हो।

अब राज्य, स्थानीय तह, सुरक्षा निकाय र व्यवसायी सबै मिलेर स्थायी समाधानको बाटोमा अघि बढ्नुपर्छ। स्थिरता, विश्वसनीयता र सहज व्यवसायिक वातावरण निर्माण भयो भने मात्र निजी क्षेत्रको मनोबल पुनः उठ्छ र देशको अर्थतन्त्रले नयाँ ऊर्जा प्राप्त गर्छ।

# सत्ताको होइन, सुशासनको राजनीति

### दशकौँ लामो संघर्षपछि प्राप्त व्यवस्थाले जनताका आकांक्षाअनुसार स्थायित्व र सुशासन दिन नसक्नु चिन्ताको विषय हो

**ललितकुमार यादव**

नेपालको लोकतान्त्रिक यात्राको इतिहास जनताको बलिदान, दलहरूको आन्दोलन र सर्वभौम सत्तामा आधारित गौरवशाली तर चुनौतीपूर्ण अध्याय हो। २०४६ को जनआन्दोलनले प्रजातन्त्रको ढोका खोल्यो। ०६२/६३ को जनआन्दोलनले राजतन्त्र अन्त्य गर्दै गणतन्त्रको मार्गप्रशस्त गर्‍यो। ०६५ मा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। संविधानसभाबाट ०७२ मा नयाँ संविधान जारी भयो। संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको संरचनालाई संस्थागत गर्‍यो।

यिनै ऐतिहासिक परिवर्तनले जनतालाई सार्वभौम सत्ताको सुनिश्चितता प्रदान गरेको छ। प्रत्येक नागरिकलाई राज्यसत्तामा सहभागिताको अवसर प्राप्रुत छ। तर, तीन दशक लामो संघर्षपछि प्राप्त व्यवस्थाले जनताको आकांक्षाअनुसार स्थायित्व र सुशासन दिन नसकेको यथार्थ मंगलबार सबैसामु स्पष्ट छ। लोकतन्त्र सुदृढीकरणका लागि निर्वाचन नै प्रमुख माध्यम हो। निर्वाचनकै माध्यमबाट जनताको मत वैध सरकारमा रुपान्तरित हुन्छ। सत्ता र शासकलाई नियन्त्रणमा राखेर शासनलाई जवाफदेही र उत्तरदायी बनाउँछ। आगामी २१ फागुनका लागि तोकिएको निर्वाचनलाई राष्ट्रिय पुनर्निर्माणको एउटा ऐतिहासिक अवसरका रूपमा सबैले सदुपयोग गर्न जरुरी छ।

लोकतन्त्र स्थापनाको डेढ दशक बितिसक्दा पनि नेपालको शासन प्रणाली अझै स्थिर बन्न सकेको छैन। बारम्बारको सरकार परिवर्तन, दलहरूको आन्तरिक तथा दलगत कलह र अस्थिर सत्ता गठबन्धनले नीति निर्माण र कार्यान्वयनमा अवरोध पुर्‍याउँदै आएको छ। हालसम्ममा एक दर्जनभन्दा बढी सरकार परिवर्तन हुनु अस्थिरताको ज्वलन्त उदाहरण हो। सरकार गठन र विघटन सधैँ दलगत स्वार्थ र सत्तालिप्साको वरिपरि घुमिरहेको छ। गठबन्धन राजनीतिले स्थायित्वभन्दा पनि आपसी स्वार्थ र भागबन्डाको खेललाई प्राथमिकतामा राख्दै आएको छ।

जनताको मतले भन्दा सांसद किनबेच र गुटगत सम्झौताले प्रतिपक्ष र सत्तापक्षको निर्धारण गर्ने प्रवृत्ति बढ्दो छ। नेपालको संविधानले संसदीय शासन प्रणाली अंगीकार गरेको छ। दलहरूबिच राजनीतिक संस्कारको अभाव र मर्यादा नमान्ने चरित्र हाबी छ। फलस्वरूप नेपालमा यो प्रणाली प्रभावकारी हुन सकेको छैन। संसद् विश्वास र अविश्वासको मतको खेलमै सीमित छ भने सरकारको ध्यान पद सुरक्षित गर्नमै केन्द्रित छ। निरन्तरको सरकार परिवर्तनले दीर्घकालीन विकास, लगानी र सुशासनमा गम्भीर असर पारेको छ। दल र तिनका नेताले जनताका अपेक्षाअनुसार काम गर्न सकेका छैनन्। तिनको प्राथमिकतामा पद, शक्ति र प्रतिष्ठामा मात्र परेको छ। यिनै कारण राष्ट्रिय हित कमजोर बन्दै गएको छ।

राजनीतिक अस्थिरतालाई गम्भीर बनाउने अर्को कारण हो, भ्रष्टाचार र दण्डहीनता। निर्णयमा पारदर्शिताको अभाव, कानुनी प्रक्रियामा ढिलासुस्ती र संस्थागत कमजोरीले भ्रष्टाचारलाई प्रश्रय दिएको छ। नीतिगत भ्रष्टाचारले सुशासनमा ठुलो चुनौती खडा गरेको छ। ठुला ठेक्का, नीतिगत निर्णय, कर माफी वा योजना चयनजस्ता क्षेत्रमा नीतिगत भ्रष्टाचार संस्थागत बन्दै गएको छ। अख्तियार र अन्य नियामक निकाय राजनीतिक प्रभावबाट मुक्त हुन नसक्दा जनविश्वास घट्दै गएको छ। लोकतन्त्र बलियो बनाउन राजनीतिक दलमा आन्तरिक सुधार अपरिहार्य छ। दलहरूमा पारदर्शी र नीतिकेन्द्रित संस्कारको विकास जरुरी छ। नेतृत्व चयनमा गुटगत स्वार्थभन्दा नीतिगत विचार हाबी हुन आवश्रुयक छ।

संघीयता कार्यान्वयन चुनौतीपूर्ण बन्दै गएको छ। संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासनको परिकल्पना गरेको छ। तर, अधिकार र स्रोतको बाँडफाँड न्यायोचित छैन। केन्द्रको प्रभुत्व अझै कायम छ। प्रदेश सरकारले आफ्ना ऐन, नियम तथा कानुन निर्माण गर्न नसक्नु, कर्मचारी समायोजनमा ढिलाइ हुनु र आर्थिक स्रोतमा निर्भरता बढ्नु संघीयता प्रभावकारी हुन नसक्नुका प्रमुख कारण हुन्। यसले संघीयता महँगो भएको, करको बोझ थोपरेको र अप्रभावी रहेकोजस्ता जनगुनासा बढाएको छ।

संघीयता विविधताको सम्मान र स्थानीय प्रतिनिधित्वको माध्यम हो भनेर जनतालाई बुझाउनै सकिएको छैन। संघीयताको सार्थकता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय तहबिच सशक्त समन्वय र सहकार्यको आवश्यकता छ। संघीयता केवल पद बाँडफाँडको संरचना होइन। यो त स्थानीयस्तरमा विकास, पहिचान र जवाफदेहिताको माध्यम हो। त्यसैले, केन्द्रले प्रदेश र स्थानीय तहलाई भागीदार होइन, साझेदार शक्तिका रूपमा स्विकार्न अत्यावश्यक छ।

सामाजिक समावेशिता संविधान कार्यान्वयनको महत्वपूर्ण पक्ष हो। संविधानले समावेशी प्रतिनिधित्वको सुनिश्चितता गरेको छ, तर व्यवहारमा जातिगत, समुदायगत र क्षेत्रगत असमानता अझै टड्कारो छ। जनताको आवाजलाई संसद् र सरकारले सुन्नै छाडेको छ। जनताको अधिकार धनी वर्गको हातमा सीमित हुन पुगेको छ। निर्वाचन प्रणाली अति खर्चिलो छ। निर्वाचनमा हुने अस्वस्थ प्रतिस्पर्धा, टिकट वितरणमा हुने गरेको धाँधली र समानुपातिकतर्फ अनुचित मनोनयनले जनताको उचित प्रतिनिधित्व हुनै सकेको छैन। चुनाव प्रणालीमा सुधार मंगलबारको मात्र होइन, हिजैदेखिको महत्वपूर्ण माग हो। जनताको वास्तविक मत र आवाजको प्रतिनिधित्व हुने गरी निर्वाचन प्रणालीमा सुधार गर्नु राज्यको दायित्व हो।

नेपालले स्थिर, पारदर्शी र जवाफदेही शासन खोजेको छ। त्यसका लागि राजनीतिक संस्कारमा सुधार पहिलो आवश्यक ता हो। दलहरूमा आन्तरिक स्वच्छता र पारदर्शिता सुनिश्चित हुनुपर्छ। सहकार्यको संस्कृति विकास गर्नुपर्छ। संसदीय मर्यादाअनुसार सरकारलाई नीतिगत रूपमा समर्थन गर्ने र हस्तक्षेप नगर्ने परम्परा बसाल्नुपर्छ। सरकार सत्तापक्षको, सदन प्रतिपक्षको भन्ने भनाइलाई व्यवहारमै लागू गर्नुपर्छ।

प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीबारे आवाज उठेको छ। संसद्मा निर्भर सरकारभन्दा प्रत्यक्ष निर्वाचित कार्यकारी सरकारले स्थिरता दिने भनिएको छ। तर, शक्ति सन्तुलनका संवैधानिक प्रावधान कमजोर हुँदा, निरंकुशतन्त्र जन्मिने खतरा रहन्छ। शक्ति केन्द्रीकरण हुन सक्ने प्रणाली सत्ता र शक्तिका अति भोका नेपालीका लागि उपयुक्त हुँदैन कि भनेर गहन विमर्श जरुरी छ। फेरि आसन्रुन निर्वाचन नै प्रत्यक्ष निर्वाचित कार्यकारीका लागि हुने सम्भावना छैन। अहिलेका लागि यो माग त्यति उपयुक्त र युक्तिसंगत पनि होइन। यो केवल निर्वाचनलाई अन्योलतिर धकेल्ने प्रयास सिद्ध हुन सक्छ। अहिले मुलुकलाई चाहिएको निर्वाचन हो। निर्वाचन प्रणालीमा जनचाहनाअनुसारको सुधार हो।

सुशासनका लागि कानुनी प्रणालीलाई सशक्त बनाउनुपर्छ। न्यायपालिकालाई पूर्ण रूपमा राजनीतिक प्रभावमुक्त राख्नुपर्छ। न्यायाधीशहरूको नियुक्ति राजनीतिक प्रभावमा होइन, योग्यता र पारदर्शितामा आधारित हुनुपर्छ। भ्रष्टाचार नियन्त्रणका निकायलाई स्वतन्त्र र प्रभावकारी बनाउनुपर्छ। उच्च तहका निर्णयमा समेत अनुसन्धान चाहिएको छ। दण्डहीनताको संस्कृतिले सामान्य नागरिकदेखि उच्चपदस्थसम्म कानुनभन्दा माथि हुने प्रवृत्ति बढाएको छ। शासन व्यवस्था नै भ्रष्ट र गैरजवाफदेही बनेका कारण जनताको राज्यप्रतिको भरोसामा कमी आएको छ। नेपालको लोकतन्त्रले अहिले भोगिरहेको यथार्थ हो यो।

संघीयता कार्यान्वयनमा केन्द्रले प्रदेश र स्थानीय तहप्रति उत्तरदायित्व देखाउनुपर्छ। स्रोत र अधिकारको बाँडफाँड र कर्मचारी व्यवस्थापन न्यायोचित हुनुपर्छ। यसमा ढिलाइको कुनै गुञ्जाइस छैन। प्रदेश र स्थानीय तहलाई सेवाप्रवाहमा सक्षम र प्रभावकारी बनाउन हरसम्भव प्रयास गरिनुपर्छ। संघीयताको सफल कार्यान्वयनको दायित्वबाट संघ सरकार विमुख हुनु हुँदैन। संघीयता असफल हुनु भनेको संघीय सरकार पनि असफल हुनु हो।

अधिकारसँगै दायित्वको संस्कार समाजमा स्थापित हुनुपर्छ। कानुनी शिक्षाको प्रसार, नागरिक सचेतना र सरकारी निकायको जवाफदेहिताले प्रभावकारिता बढाउँछ। यसो गर्न सकिएमा सुशासन र स्थिरता सुदृढ हुनेछ। स्वतन्त्र मिडिया र सक्रिय नागरिक समाजले सरकारलाई उत्तरदायी बनाउन सक्छ। त्यसका लागि मिडियालाई निष्पक्ष, तथ्यपरक र अनुसन्धानमुखी बनाउन जरुरी छ।

यी सुधारका माध्यमबाट मात्र दीर्घकालीन स्थायित्व र पारदर्शी शासन सम्भव छ। नेपालको राजनीतिक चेतना अब परिपक्व भइसकेको छ। नागरिकहरू अब अन्धसमर्थक होइनन्, उनीहरू नीति र परिणाममा विश्वास गर्छन्। नवयुवा पुस्ता परिवर्तनको पक्षमा छ। डिजिटल युगको सूचनाले उनीहरूलाई सजग बनाएको छ। आगामी २१ फागुनका लागि तोकिएको निर्वाचन केवल सत्ता फेरबदलका लागि होइन। यो त नेपालको लोकतन्त्रको पुनर्जीवनको अवसर हो। यसले जनतालाई पुनः देशको दिशानिर्धारण गर्ने मौका दिएको छ। दलहरू नसुध्रिए जनता वैकल्पिक नेतृत्व खोज्न बाध्य हुनेछन्। यही चेतावनी जनताले अहिलेका राजनीतिक दललाई दिएका छन्।

दलहरूले राष्ट्रसेवकको चरित्र बनाउन सके मात्र लोकतन्त्रको सार्थकता स्थापित हुन्छ। साझा राष्ट्रिय हितमा सहकार्य र दीर्घकालीन दृष्टिकोण अपनाउन सके मात्र विकास, समावेशी र सुशासनको मार्ग प्रशस्त हुन्छ। आगामी २१ फागुनका निर्वाचन नेपालका वर्तमान राजनीतिक दलका लागि पुनर्जीवनको ऐतिहासिक अवसर हो। राजनीतिक दलविना लोकतन्त्रको कल्पना गर्न सकिन्न। जहाँ लोकतन्त्र छ, त्यहाँ राजनीतिक दल हुन्छ नै, तर जनभावनाको कदर गर्न नसक्ने दल एक दिन बिलिन भएर जान्छ। राजनीतिक दल र जनताको व्यापक सहभागिता तथा सचेत मतदानविना यो अवसर अर्थहीन साबित हुन सक्छ।

अब समय आएको छ, अस्थिरताका जरा उखेलेर स्थायित्वको नयाँ अध्याय आरम्भ गर्ने। नेपालले राजनीतिक परिवर्तन धेरै भोगिसक्यो। अब आवश्यकता छ, राजनीतिक परिपक्वता, स्थिर सरकार, स्वच्छ प्रशासन र पारदर्शी निर्णय। लोकतन्त्रको सार केवल मतपत्रमा होइन, सत्तापक्ष र प्रतिपक्षको व्यवहार र आचरणमा निहित हुन्छ। दलहरू स्वार्थ होइन, राष्ट्रहितको राजनीतिमा फर्किने र नागरिकप्रति जवाफदेही बन्ने समय आएको छ। नागरिकले सत्ता होइन, सुशासन मागेका छन्। तसर्थ, अबको राजनीति सत्ताको होइन, सुशासनको हुनुपर्छ। यात्रा अस्थिरताबाट उत्तरदायी लोकतन्त्रतर्फको हुनुपर्छ। जुन दिन नेपालले अस्थिरताबाट स्थायित्वतर्फको यात्रामा सफलता प्राप्रुत गर्नेछ, त्यो दिन मात्रै साँचो अर्थमा लोकतन्त्र जनताको हातमा पुग्नेछ। नयाँ पत्रिकाबाट

# मधेस सरकार गठन मुद्दामा मंसिर ११ गते अन्तिम सुनुवाइ हुने

काठमाडौं, २ मंसिर। सर्वोच्च अदालतले मधेस प्रदेश सरकार गठनबारे आउँदो मंसिर ११ गते अन्तिम सुनुवाइ गर्ने भएको छ। सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र सुनिलकुमार पोखरेलको इजलासले मंसिर ९ गतेभित्र विपक्षीहरूबाट लिखित जबाफ पेस गर्न लगाई अन्तिम सुनुवाइका लागि सोही मितिमा पेस गर्न आदेश गरेको हो। मधेस प्रदेश सभाका ७४ सांसदहरू संविधानको धारा १६८ को उपधारा ३ बमोजिम सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रदेश प्रमुखको निर्णय विरूद्ध सर्वोच्च गएका थिए।

सर्वोच्च अदालतले मधेस प्रदेशका मुख्यमनम्त्री सरोज यादवलाई मुद्दा किनारा नभएसम्म नीतिगत र दीर्घकालीन निर्णय नगर्न समेत आदेश दिएको छ। सर्वोच्चको आदेशमा भनिएको छ– संविधानको धारा १६८ (४)

–बाँकी अन्तिम पेजमा

# श्री माध्यमिक विद्यालय महदेवा पोर्ताहा

## सखुवानन्कारकट्टी गा.पा.-३, सिरहा, नेपाल

## आवश्यकता सम्बन्धमा

**मिति : २०८२/०८/०३**

प्रस्तुत विषयमा सखुवानन्कारकट्टी गाउँपालिका अन्तर्गत संचालित श्री माध्यमिक विद्यालय महदेवा पोर्ताहा सखुवानन्कारकट्टी ३ को लागि शिक्षा विकास तथा समन्वय इकाइ सिरहाको प.स. ०८२/०८३, च.न.५२७, मितिः २०८२।०८।०१ गतेको प्राप्त अनुमतिपत्र र मितिः२०८२।०८।०२ गतेको वि.व्य.स को निर्णय अनुसार नि.मा.शि. राहत अनुदान कोटा १ नेपाली विषयको शिक्षक सेवा आयोगको करार सूचिमा सिफारिस भएका मध्येवाट पदपुर्ति गर्नु पर्ने भएकोले इच्छुक उम्मेदवारहरुको लागि यो विज्ञापन प्रकाशित गरिएको मिति बाट१५ दिन भित्र तपसिल बमोजिमको कागजातहरुको प्रतिलिपि राखी विद्यालयमा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | श्रेणी | विषय | पद संख्या | किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | ०१।०८२।०८३ | नि.मा.शि. राहत अनुदान | तृतीय | नेपाली | १ (एक) | शिक्षक सेवा आयोगको करार सूचीमा रहेको | शिक्षक सेवा आयोगले तोके बमोजिम वा सो सरह |

१. आवेदन दस्तुर रु १५००।–
२. दरखास्त दिने अन्तिम मिति २०८२।०८।०३ देखि २०८२।०८।१८ गते सम्म
३. सम्पर्क मितिः २०८२।०८।१९ गते सो दिन विदा परेमा सोको भोली पल्ट विद्यालय समय भित्र)
४. उमेर १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको।
६. दरखास्त दिने स्थान श्री माध्यमिक विद्यालय महदेवा पोर्ताहा सखुवानन्कारकट्टी – ३
५. त.भः नेपाल सरकारको नियमानुसार

**आवश्यक कागजातहरु :**

- हस्तलिखित निवेदन पत्र
- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि
- शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको प्रतिलिपि (नेपाली विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा दश महिने तालिम लिएको)
- अध्यापन अनुमतिपत्रको प्रतिलिपि
- निरोगिता प्रमाणपत्रको प्रतिलिपि
- पासपोर्ट साइज फोटो २ प्रति
- शिक्षक सेवा आयोगको करार सूचिमा सिफारिस भएका सूचिको विवरणको प्रतिलिपि पेश गर्नुपर्ने।
- म्याद नाघि आएको वा रीत नपुगेका आवेदन स्वीकृत हुने छैन।

जानकारीको लागि सम्पर्क नं. ९८२४७२४३६१ (प्र.अ) ९७०३४३३३५१

**प्रधानाध्यापक**

# दिवङ्गत पत्रकार रजकको श्रीमतिलाई रोजगारीको व्यवस्था

काठमाडौं, २ मंसिर। सरकारले दिवङ्गत पत्रकार सुरेश रजकको श्रीमतिलाई रोजगारीको व्यवस्था गरेको छ। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलको पहलमा मन्त्रालय मातहतको सुरक्षण मुद्रण केन्द्रमा पत्रकार रजकको श्रीमति सुजन मगियालाई 'कम्प्युटर अपरेटर' पदमा रोजगारीको व्यवस्था मिलाइएको हो।

मंगलबार सञ्चार मन्त्रालयमा आयोजित एक कार्यक्रममा सञ्चारमन्त्री खरेल र मन्त्रालयका सचिव राधिका अर्यालको उपस्थितिमा सुरक्षण मुद्रण कोषका कार्यकारी निर्देशक देवराज ढुङ्गानाले सुजन मगियालाई कम्प्युटर अपरेटरमा नियुक्त गरिएको पत्र हस्तान्तरण गर्नुभयो। विसं २०८१ चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनका क्रममा दृश्य कैद गर्दागर्दै एक घरभित्र आगजनीमा परी पत्रकार रजकको निधन भएको थियो।

सञ्चारमन्त्री खरेलले देश र जनताका लागि जोखिम मोलेर समाचार सङ्कलन गर्ने पत्रकारहरू सधैँ असुरक्षित रहने अवस्थामा राज्यको अभिभावकीय भूमिका रहनुपर्ने विचार व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो, "पत्रकार सुरेशको क्रियाशील पत्रकारका रूपमा जोखिम मोलेर पत्रकारिता गरिरहेको सन्दर्भमा दुःखद निधन भएको छ। सुरेशका लागि केही गर्न पाए हुन्थ्यो भनेर मन्त्रालयलाई लागिरहेको थियो र नेपाल पत्रकार महासङ्घले पनि आग्रह गरिरहेको सन्दर्भमा सानो रूपमा भए पनि रोजगारीको पहल गरिएको छ। यसले थोरै भए पनि सान्त्वना मिल्ने अपेक्षा छ।"

सञ्चारमन्त्री खरेलले दिवङ्गत रजकलाई पत्रकार सहिद घोषणा गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो। उहाँले परिवारका लागि निःशुल्क उच्च शिक्षा अध्ययन गर्ने व्यवस्था गर्नसमेत पहल गरिने प्रतिबद्धता जनाउनुभयो। दिवङ्गत पत्रकार सुरेश रजकका आफन्त पुरुषोत्तम मगियाले कार्यस्थलमा नै निधन भएका सुरेशको न्यायका लागि घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन, सहिद घोषणा गर्न र तीनकुनेमा रजकको सालिक निर्माणका लागि पहल गर्न आग्रह गर्नुभयो।

## *मारुती सिमेन्टको ...*

तर्फबाट पनि अदालतमा प्रतिउत्तर गएको थियो।

त्यसयता यो मुद्दा पेशीमा चढ्ने अनि झर्ने, मुल्तबीमा राख्ने र हटाउने क्रम चलिरहेको छ। अदालतका अनुसार २०८१ जेठ १६ सम्ममा पटकपटक गरी यो मुद्दा ३१ पटकसम्म पेशी चढेको छ। जसमा ८ पटक विद्युत प्राधिकरणकै कानुन व्यवसायीबाट र ३ पटक उद्योगको तर्फबाट पेशी स्थगित गराएको छ। यस्तै, चार वटा पेशीमा अदालतले साक्षी बुझ्ने आदेश, अन्तरकालीन आदेश, प्रमाण बुझ्ने आदेश, बहस नोट पेश गर्ने आदेश जारी गरेको छ भने अन्य विभिन्न पटकको पेशी अदालतले नै हेर्न नभ्याइनेलगायतका कारण देखाएर सारेको छ।

यो मुद्दा दुई पटक मुल्तबीमा परेको छ। उद्योगका महाप्रबन्धक मनोजकुमार श्रेष्ठले २०८१ जेठ १६ मा मुल्तबीमा राख्न माग गर्दै दिएको निवेदनका आधारमा न्यायाधीश मनोज केसीले सोही दिन मुल्तबीमा राखिदिएका थिए। त्यसपछि प्राधिकरण मिर्चैया वितरण केन्द्रको २०८१ असार ९ गतेको निवेदनका आधारमा असार १४ मा फेरि मुल्तबीबाट हटेको थियो। अर्कोपल्ट २०८२ साउन २८ मा उद्योगको तर्फबाट फेरि मुल्तबीमा राख्न माग भएकोमा सोही दिन न्यायाधीश डा. प्रकाश उप्रेतीको इजलासले मुद्दा मुल्तबीमा राखिदिएको थियो। यो मुद्दा पछिल्लोपल्ट कात्तिक ९ मा फेरि मुल्तबीबाट जागेको अदालतका शाखा अधिकृत राधेश्याम यादवले बताए। यो मुद्दाको अन्तिम फैसला हुन वादी र प्रतिवादीकै कारण ढिलाइ भएको उनको दाबी छ।

उनका अनुसार प्राधिकारणले सुरुमा उद्योगलाई ५५ करोड ७२ लाख ९९ हजार २ सय ९२ रुपैयाा बक्यौता तिर्नुपर्ने भन्दै पत्र काटेको थियो। तर, मिर्चैया वितरण केन्द्रका तत्कालीन प्रमुख दिगम्बर यादवले भूलवश अंकगणीतीय त्रुटि भएको भन्दै २०७६ बैशाख २५ मा अर्को पत्रमार्फत् ६४ करोड २४ लाख ९३ हजार ९ सय ९२ रुपैयाँ बक्यौता रहेको पत्र काटेका थिए। यसले अन्योलता सिर्जना गरेको र दुबै पक्षले यसको विस्तृत बिललगायतका प्रमाण अदालतमा पेश गर्न ढिलासुस्ती गरेका कारण मुद्दा टुंगाउन ढिलाइ भएको उनले दाबी गरे। 'अदालतले आफ्नो काम गरेकै छ, तर वादी र प्रतिवादी पक्षबाटै ढिलासुस्ती भयो,' उनले भने, 'अब मुद्दा अन्तिम अवस्थामा छ, चाँडै निकास पाउँछ।'

प्राधिकरणले भने अदालतकै आदेशमा यो मुद्दा दुई पटक मुल्तबीमा परेका कारण ढिलाइ भइरहेको देखिएको जवाफ दिएको छ। तर, पछिल्लोपल्ट फेरि मुल्तबीबाट मुद्दा जागेको र यसलाई सकेसम्म छिटो सकाउने गरी आफूहरु लागेको प्राधिकरणका केन्द्रीय अधिवक्ता राजकुमार पोखरेलले दाबी गरे। 'अदालतबाट पटकपटक माग भएका कागजात हामीले दिएकै छौं, तर अदालतकै आदेशमा यो मुद्दा दुई चोटी मुल्तबीमा पर्यो, अहिले फेरि मुल्तबीबाट जागेको छ,' पोखरेलले भने, 'यसलाई अब सकेसम्म छिटो सकाउने गरी लागिरहेका छौं।'

उद्योगले भने यस विषयमा प्रतिक्रिया दिन अस्वीकार गरेको छ। सोमबार बिहान उद्योग परिसरमै भेटिएका महाप्रबन्धक मनोजकुमार श्रेष्ठले आफू यस विषयमा अहिले नबोल्ने र व्यवस्थापनसँग सल्लाह गर्ने जवाफ दिए। 'म अहिले यस विषयमा बोल्दिन, म्यानेजमेन्टसँग सल्लाह गर्छु,' उनले भने।

## *सामूहिक शिक्षक ...*

थियो। स्थानीय अभिभावकहरुको माग अनुसार त्यस विद्यालयबाट पाँच जना शिक्षकहरुको सरुवा गरेपछि त्यस मुहार फेरिन थालेको र शैक्षिक सुधार देखिन थालेको छ ।

२००४ सालमा स्थापना भएको त्यस विद्यालयमा तीन दशक अगाडि तीन हजारभन्दा बढि विद्यार्थी पढने गर्थे। पाँच सय विद्यार्थी छात्रावासमा हुन्थे। दर्जनौ विद्यार्थी प्रथम श्रेणीमा उत्तीर्ण हुने त्यस विद्यालयमा भर्ना हुनका लागि प्रवेश परीक्षा दिइनुपदर्थ्यो।

चन्ऽरञ्जन बराल प्रधनाध्यापकबाट अवकास पाएपछि विद्यालय लथालिङग हुँदै विद्यालयको साँख निकै खस्केपछि विद्यालय सुधारका लागि वडा नम्बर १४ का वडाध्यक्ष धनिकलाल यादवको अगुवाइमा स्थानीय अगुवाहरुले प्रधानाध्यापकसहित पाँच जना शिक्षकहरुलाई अन्यत्र सरुवा गरेर नयाँ शिक्षक ल्याएपछि केहि महिनामा नै विद्यालयको अवस्थामा निकै सुधार आउन थालेको स्थानीय अभिभावकहरुले खुसी व्यक्त गर्नुभयो। मङ्सिर १ गते लहान नगरपालिका शिक्षा शाखाका संयोजक समेत रहनुभएको लहान नगरपालिका प्रमुख महेश प्रसाद चौधरीले अनुगमन गरेर विद्यालय बल्ल सुधारदेखिएको भन्दै आउने शैक्षिक सत्र २०८३ देखि अंग्रेजी माध्यममा कक्षा सञ्चानल गर्ने बताउनुभयो।

पाँच पाँच वर्षमा शिक्षकहरुको पालिकाअन्तर्गत नै सरुवा गर्ने प्रधानाध्यापक भर्ना निष्पक्ष तरिकारले गर्ने शिक्षण कार्यमा उत्कृष्ट नतिजा ल्याउने शिक्षकहरुलाई पुरस्कृत गर्दै जाने हो भने मात्रै सामुदायिक विद्यालयमा अपेक्षाकृत सुधार हुने स्थानीय तथा मानव अधिकारवादी राज कुमार राउतले सुझाव राख्नुभयो।

प्रधानाध्यापक शोभानन्द चौधरीले बस्तीपुर माध्यकि विद्यालयको शैक्षिक र भौतिक दुबै सुधार गरेर आउने शैक्षिक सत्र २०८३ देखि सबैले भरोसा गर्ने लायकको विद्यालय बनाउन प्रधानाध्यापकको जिम्मेवारी पाएदेखि अहिले थालनी पात्रै गरेको बताउनुभयो। उहाँले थप्नुभयो, "सबैको सहयोगमा नमूना विद्यालय बनाउने गरी अहोरात्र विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयसँग समेत सहयोग लिएर काम सुरु गरिसकेका छौं।"

## *चोकदेखि चिया...*

धारणा दुवैतिर देखिन्छ", भोगेन्द्रको टिप्पणी छ। उहाँले राष्ट्रलाई संकटबाट निकाल्न सबै पक्ष मिलेर चुनावमा जानुपर्नेमा जोड दिनुभयो। निर्वाचनको घोषणासँगै जिल्लाका प्रमुख राजनीतिक दलहरू आ–आफ्नो तयारीमा जुटेका छन्। जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य सत्यनारायण यादवले भन्नुभयो, "चुनावको माहोल बनाउन गाउँगाउँ पुगेर एक किसिमको अनौपचारिक अभियानमा लागेका छौं।"

त्यस्तै, जनमत पार्टीका केन्द्रीय सदस्य बालेश्वर यादवले चुनाव लक्षित कार्यक्रममा आफूहरू होमिसकेको बताउनुभयो। उहाँका अनुसार जनमत पार्टीले चुनावको विकल्प नदेखेको र मधेस प्रदेशमा सकारात्मक माहोल बनाउन युवाहरूलाई परिचालन गरिसकेको छ।

नेकपा (एमाले)का मधेस प्रदेश समितिका सदस्य सुमेश यादवले पार्टीको महाधिवेशन नजिक रहेकाले त्यसको तयारीमा जुटेको बताउनुभयो। उहाँले संसद् पुनर्स्थापनाको माग रहे पनि एमाले निर्वाचनबाट नभाग्ने र महाधिवेशनले सबै विषयको छिनोफानो गर्ने प्रस्ट पार्नुभयो।

नेपाली कांग्रेसका सिरहा–१ का क्षेत्रीय सभापति तथा लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले नेपाली कांग्रेस लोकतान्त्रिक पार्टी भएकाले निर्वाचनबाट भाग्ने कल्पना पनि गर्न नसक्ने धारणा राख्नुभयो। उहाँले पार्टी आन्तरिक रूपमा निर्वाचनको तयारीमा जुटिसकेको स्पष्ट पार्नुभयो।

यता नवगठित नेपाली कम्युनिष्ट पार्टीका स्थानीय नेताहरू चुनावी वातावरण बनाउन देशभरि अभियान चलाइरहेको बताउँछन्। पार्टीका युवा नेता हेमन्त यादवले सोही अनुसार तयारी थालेको बताउँदै प्रदेश, जिल्ला तथा नगरस्तरीय एकता घोषणा सभासँगै जेनजी आन्दोलनबाट उठेका मागहरूलाई सकारात्मक रूपमा लिएर चुनावमा जाने धारणा राख्नुभयो।

यसैबीच, जेनजी समूहका युवाहरू निर्वाचनको माहोल सिर्जना गर्न र जेनजी आन्दोलनको उपलब्धि सुनिश्चित गर्न सिराहाका १७ वटै पालिकामा सक्रियता बढाइरहेका छन्। जेनजी समूह सिरहाका सल्लाहकार सुदीप कुशवाहले यस अभियानले युवालाई मतदान प्रक्रियामा जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। घोषित मिति फागुन २१ गते नजिकिँदै गर्दा नेपालको राजनीतिक परिदृश्यमा निर्वाचनको सुनिश्चितता र त्यसले ल्याउने परिवर्तनको आशाले जनस्तरमा व्यापक बहस र उत्साह जगाएको छ।

## *कर्मचारीमाथि ...*

कार्यालय धनुषाका एसपी रूगम कुँवरले जानकारी दिए।

उनका अनुसार मधेस प्रदेशको मुख्यमन्त्री कार्यालयका कर्मचारीहरूमाथि हातपात गरेको आरोप छ। मधेस प्रदेशमा नेकपा एमालेका सरोजकुमार यादवलाई मुख्यमन्त्री बनाउन बर्दिबासको होटलमा शपथ ग्रहण गरेपछि विरोध भएको थियो। त्यसपछि भोलिपल्ट भएको आन्दोलनको क्रममा कर्मचारीमाथि हातपात भएको थियो।

# लहानका चार हजार घरपरिवार अझै शौचालयविहीन




सिरहा, २ मंसिर। जिल्लाको लहान नगरपालिकाले दिगो सरसफाइ प्रवर्द्धनका लागि 'घर–घरको शान, स्वच्छता अभियान–२०८२' सुरु गर्दै नगरभित्र अझै ठूलो संख्यामा शौचालयविहीन घरपरिवार रहेको तथ्य सार्वजनिक गरेको छ। नगरपालिकाको पछिल्लो सर्वेक्षणअनुसार २४ हजार सात सय घरपरिवारमध्ये झण्डै १७ प्रतिशत अर्थात् चार हजार दुई सय घरमा मंगलबारसम्म पनि शौचालय छैन। नगर प्रमुख महेशप्रसाद चौधरीले मंगलबार पत्रकार सम्मेलनमार्फत तथ्याङ्क सार्वजनिक गर्दै स्वच्छता चुनौती गम्भीर बन्दै गएको उल्लेख गर्नुभयो।

उहाँले भन्नुभयो, "२०१७ मै खुला दिसामुक्त घोषणा भइसकेको नगरमा मंगलबार पनि यति धेरै घरपरिवार शौचालयविहीन हुनु चिन्ताजनक अवस्था हो। अब घर–घर पुगेर वास्तविक अवस्था परिवर्तन गर्ने बेला आएको छ।" दलित, भूमिहीन, गरिब तथा बाढी–जोखिमयुक्त बस्तीमा समस्या बढी देखिएको छ। दिसाजन्य लेदो प्रशोधन केन्द्रको अभाव, सुरक्षित पानीको कमी तथा मर्मत–सम्भार कमजोरीले स्वच्छतास्तर कमजोर बनेको नगरपालिकाको प्रारम्भिक विश्लेषणले देखाउँछ। नगरप्रमुख चौधरीले भूमिहीन सुकुम्बासीका लागि उपयुक्त स्थान पहिचान गरी स्थानान्तरण प्रक्रिया अघि बढाइने पनि बताउनुभयो।

नगरपालिकाले जनप्रतिनिधि, सामाजिक परिचालक, समुदायका संस्था, विद्यालय तथा युवा समूहको सहकार्यमा तीन महिनासम्म घर–घरमै पुगेर प्रत्यक्ष अनुगमन गर्ने तयारी गरेको छ। नगरप्रमुख चौधरीले सबै नागरिकलाई अभियानमा सहभागी हुन आग्रह गर्दै भन्नुभयो,"शौचालय हुनु केवल सुविधा मात्र होइन, स्वास्थ्य र सम्मान दुवै हो। स्वच्छता सुधार नगरवासीकै सक्रिय सहभागिताबाट सम्भव हुन्छ।"

## मधेस सरकार...

बमोजिमको विधानको मत लिने प्रक्रिया पूरा नभइसकेको अवस्थामा राजीनामा दिएको स्थिति तथा सभाका बहुमत सदस्यले ऐ. उपधारा (२) बमोजिम नै सरकार गठन गर्न आवेदन गरेको सन्दर्भमा उक्त आवेदनउपर कुनै निर्णय नगरी ऐ. उपधारा (३) बमोजिम मुख्यमन्वी नियुक्ति हुन सक्ने हो वा होइन भन्ने विषय अन्तिम निर्णय हुँदाका बखत निरूपण हुने प्रकृतिको देखिएको तर मुख्यमन्त्री नियुक्ति प्रक्रियामा संविधानले परिकल्पना गरेको संसदीय लोकतन्त्रको मूल्यमान्यता र पारदर्शिता समेतको गम्भीर प्रत्न प्रथम दृष्टिमै खडा भएको देखिँदा प्रस्तुत निवेदनको अन्तिम किनारा नभएसम्म मिति २०८२।०७।२३ मा गठन भएको भनिएको मन्त्रिपरिषदबाट कुनै पनि नीतिगत र दीर्घकालीन प्रभाव पार्ने निर्णय तथा नेपालको संविधानको धारा १६८।४। बमोजिम विश्वासको मत प्राप्त गर्ने प्रक्रियामा हामीले अवलम्बन गरेको संसदीय प्रक्रियाको मूल्यमान्यताहरू विपरीतका कुनै पनि कार्यहरू नगर्नू, नगराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) बमोजिम विपक्षीहरूका नाममा यो अन्तरिम आदेश जारी गरिएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# कालोबजारीको आरोपमा संचालक यादव पक्राउ

**विनय कर्ण**

सप्तरी, २ मंसिर। सप्तरी प्रहरीले रासायनिक मल कालोबजारी गरेको आरोपमा एकजनालाई पक्राउ गरेको छ। जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर ३ पोर्ताहा ४५ वर्षीय मनोज कुमार यादवलाई पक्राउ गरेको हो।

पक्राउ परेका यादव स्थानिर जनता कृषि सहकारी संस्था लिमिटेडका सञ्चालक हुनुहुन्छ। नेपाल सरकारबाट किसानका लागि सहुलियत दरमा उपलब्ध गराइएको रासायनिक मल कालोबजारी गरी बढी मूल्यमा बेच्नको लागि राखेको विशेष सुराकीको आधारमा २४० बोरा मल सहित आइतबार नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिनुभयो।उहाँले ना ६ ख ६२८४ नम्बरको ट्रकबाट ५० किलो तौल भएको बोरा १३० थान, ट्रकबाट अनलोड गरी जनता कृषि सहकारी संस्था लिमिटेडको गोदाममा राखेको बोरा ११० गरी जम्मा २४० बोरा मल र ट्रक सहित नियन्त्रणमा लिएको बताउनुभयो।

पक्राउ परेका यादवलाई कालोबजारी सम्बन्धी कसुरमा जिल्ला अदालत सप्तरीबाट सात दिनको म्याद थप गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# लहानमा कानको विशेष उपचार सेवा थालनी

**मणिलाल विश्वकर्मा**

सिरहा, २ मंसिर। विशेषज्ञ चिकित्सकहरूको सामूहिक प्रयासमा सिराहाको लहानमा निजी क्षेत्रबाट कानको विशेष उपचार सेवा थालनी गरिएको छ। पूर्व–पश्चिम लोकमार्गसँगै जोडिएको लहान– ३ स्थित अस्पताल चोकनजिकै सोमबारदेखि आधुनिक प्रविधिमा आधारित 'सम्पूर्ण कान स्वास्थ्य केन्द्र' मा कानको विशेष उपचार सेवा थालिएको हो।

केन्द्रको विधिवत् उद्घाटन गर्दै लहान नगर प्रमुख महेशप्रसाद चौधरीले कानको उपचारका लागि अतिरिक्त खर्च गरेर लहानबाहिर जानैपर्ने बाध्यतामा रहेका बिरामीहरूलाई सुलभ शुल्कमा गुणस्तरीय सेवा दिन आग्रह गरे। 'केन्द्रले समाजका विभिन्न वर्गका कानका बिरामीले सेवा लिन सक्ने गरी शुल्क लिने र रोगको निदान, उपचार र परामर्श दिन सक्नुपर्छ,' उनले भने। केन्द्रका अध्यक्षसमेत रहेकमा किस्ट मेडिकल कलेजका सहप्राध्यापक नाक, कान, घाँटी विशेषज्ञ डा. ऋषि भट्टले केन्द्रबाट नियमित रूपमा विशेषज्ञ चिकित्सकहरूमार्फत कानसम्बन्धी सम्पूर्ण सेवा उपलब्ध गराइने बताए। 'दूरबिनको सहयोगमा विनाचिरफार कानको जाली टाल्ने, जाली फेर्ने, कानको हड्डी खिइने, जाम हुनेसहित कान पाक्ने, कम सुन्ने, रिँगटा लाग्ने, अनावश्यक रूपमा कान कराइरहनेलगायतका समस्याको निदान, उपचार र परामर्श दिइने छ,' उनले भने।



केन्द्रमार्फत नेपालका ख्यातिप्राप्त नाक, कान, घाँटी विशेषज्ञहरूबाट छिटोछरितो र गुणस्तरीय सेवाका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरिएको उनले बताए। 'केन्द्रमा कानसम्बन्धी अप्रेसनसहित सबै सेवा उपलब्ध हुन्छ,' उनले भने, 'नाक र घाँटीसम्बन्धी रोगको अप्रेसनबाहेक निदान, उपचार र परामर्श सेवा उपलब्ध हुनेछ।' केन्द्र उद्राटन समारोहमा रक्त सञ्चार केन्द्र लहानका प्रमुख मनीष यादव, स्थानीय समाजसेवी बद्री यादवसहित सञ्चारकर्मीहरूको उपस्थिति थियो।

केन्द्रमार्फत कानसम्बन्धी ४० प्रकारका सेवा प्रवाह गरिने व्यवस्थापन पक्षले जनाएको छ। केन्द्रले पाँच वर्षमुनिका बालबालिका तथा ६० वर्षमाथिका ज्येष्ठ नागरिकलाई बहिरंग सेवामा शतप्रतिशत र मंसिर महिनामा अन्य उमेर समूहका बिरामीका लागि बहिरंग, सामान्य शल्यक्रिया तथा श्रवण यन्त्रमा क्रमशः ५०, ३० र १५ प्रतिशत छुट दिइएको जनाएको छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)